आज मिति २०७५ साल चैत्र महिनाको ५ गते मंगलबार दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिमनारायण मानन्धर ज्यू को अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी तपशिलका निर्णयहरू गरियो ।

## तपशिल

| दस्तखत | पदाधिकारीको नाम,थर | पद |
|---|---|---|
| | श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष |
| | श्री झनमाया पराजुली | गाउँपालिका उपाध्यक्ष |
| | श्री भिमबहादुर भुजेल | वडाध्यक्ष १ न. वडा |
| | श्री परशुराम सिग्देल | वडाध्यक्ष २ न. वडा |
| | श्री लेखबहादुर क्षेत्री | वडाध्यक्ष ३ न. वडा |
| | श्री चिन्तामणि शर्मा | वडाध्यक्ष ४ न. वडा |
| | श्री डन्डबहादुर राना | वडाध्यक्ष ५ न. वडा |
| | श्री श्री नरबहादुर थापा | वडाध्यक्ष ६ न. वडा |
| | श्री केशमाया थापा | वडाध्यक्ष ७ न. वडा |
| | श्री हिममाया थापा | कार्यपालिका सदस्य |
| | श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य |
| | श्री रेखा वि.क. | कार्यपालिका सदस्य |
| | श्री धनमाया राना | कार्यपालिका सदस्य |
| | श्री महेन्द्रबहादुर गोतामे | कार्यपालिका सदस्य |
| | श्री सुरजबहादुर नेपाली | कार्यपालिका सदस्य |
| | श्री मित्रलाल भट्टराई | प्रमुख प्रशासकीय अधिकृत |
| आमन्त्रित | | |
| | | |
| | | |
| विशेष उपस्थिति | | |
| | | |
| | | |

**प्रस्तावहरु :**

प्रसताव नं. १. भारतीय सरकारको साना विकास परियोजना प्रस्ताव सम्वन्धमा ।
प्रस्ताव नं. २. गण्डकी प्रदेश सरकारवाट स्थानीय तहमा मनोरञ्जन पार्क निर्माण प्रस्ताव सम्वन्धमा ।
प्रस्ताव नं. ३. शुल्क निर्धारण सम्वन्धमा ।
प्रस्ताव नं. ४. गाउँप्रहरीको रासन खर्च नगदमै भुक्तानी दिने सम्वन्धमा ।
प्रस्ताव नं. ५. E–bid Evaluation सम्वन्धमा ।

**निणयहरु :-**

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७५/५/७ (च. नं. ३९५) को निर्णयले भारत सरकारको साना विकास परियोजना परिचालन सम्वन्धमा भएको परिपत्र अनुसार यस हरिनास गा.पा. मा **दग्दी सेरा मोटर वाटो कालोपत्रे** गर्न सम्वन्धीत निकायमा योजना पठाउने निर्णय गरियो । साथै सो योजनामा लागेको कुल लागत रकमको गाउँपालिकाले २०% खर्च रकम साझेदारी गर्न तयार रहेको व्यहोरा समेत निर्णय गरियो ।

२. प्रस्ताव नं. २ उपर छलफल गर्दा गण्डकी प्रदेश सरकार वाट स्थानीय तहमा मनोरञ्जन पार्क निर्माण गर्न रु ३०००००। (तीन लाख) दिने भएकोले उक्त पार्क चुलीडाडामा बनाउने निर्णय गरियो ।

३. प्रस्ताव नं. ३ उपर छलफल गर्दा हरिनास गा.पा. स्थित मग्याम चिसापानी स्वास्थ्य चौकीमा रहेको प्रयोगशालाको शुल्क तपशिल अनुसार रहने गरी तोक्ने निर्णय गरियो ।

**तपशिल :**

१. Sugar परिक्षण रु ५० ।-
२. Uric acid परिक्षण रु ८०।-
३. Urea परिक्षण रु ८५।-
४. Creatinine परिक्षण रु ७५।-
५. Haemoglobin परिक्षण रु ३०।-
६. Urine Pregnecy परिक्षण रु ७०।-
७. HIV परिक्षण रु १८०।-
८. HBSAG परिक्षण रु १००।-
९. VDRL परिक्षण रु १००।-
१०. WBC Count परिक्षण रु ३०।-
११. RBC Count परिक्षण रु ३०।-

१२. Widal test परिक्षण रु ६०।-
१३. Grouping परिक्षण रु ७०।-
१४. Nebulization परिक्षण रु ३०।-
१५. Unira / Stool परिक्षण रु ५०।-

४. प्रस्ताव नं. ४ उपर छलफल गर्दा गाउँप्रहरी कार्यविधी २०७५ अनुसार गाउँप्रहरी लाई रासन खर्च वापत प्रति व्याक्ती मासिक रु ३०००।- का दरले नगद दिने निर्णय गरियो ।

५. प्रस्ताव नं. ५ उपर छलफल गार्दा रोदी-चित्रे-राम्चे ग्रामिण सडकको E–bid Evaluation को जिम्मा युना इन्जिनियरिङ्ग सर्भिसलाई जिम्मा दिने निर्णय गरियो ।